नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा विभाग

(योजना तथा कार्यक्रम शाखा)

सानोठिमी, भक्तपुर

प.सं.: ०८३/८४

च.नं. ६०

मिति: २०८३/०५/०८

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालय (योजना तथा वजेट शाखा) को चलानी नं. ७१ मिति २०८३।०५।०४ को निर्णय कार्यान्वयनसम्बन्धी पत्रानुसार नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८३।०५।०३ को बैठकले प्रारम्भिक बालविकासका सहजकर्ता, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी र शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरूको पारिश्रमिक/तलब वृद्धि गर्ने निर्णयबमोजिम सबै स्थानीय तहले देहाय बमोजिम कार्यान्वयन गर्नुहुन निर्णायनुसार अनुरोध छ।

तपसिल:

क) प्रारम्भिक बालविकासका सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले हाल उपलब्ध गराउदै आएको पारिश्रमिक अनुदानमा मासिक रू ५,०००।(अक्षेरेपी पाँच हजार) का दरले थप गरि निकासा दिनुहुन,

ख) माध्यमिक तह (कक्षा ९-१०) र आधारभुत तह (कक्षा ६-८) मा सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरूको तलब क्रमशः माध्यमिक तह तृतिय श्रेणी र निम्न माध्यमिक तह तृतिय श्रेणीको सुरु तलब बराबर हुने गरी निकासा दिनुहुन,

निलकण्ठ ढकाल
निर्देशक

बोधार्थ

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
(योजना तथा बजेट शाखा)
सिंहदरवार, काडमाडौं।

श्री शिक्षा विकास तथा समन्वय एकाइ ७७ वटैः सबै स्थानीय तहमा आवश्यक समन्वय गर्नुहुन।